'श्रमजीवि वर्गको एकता आजको आवश्यकता'

# परिश्रम

त्रैमासिक

वर्ष ४ अंक ८ | २०७९ बैशाख | April/May 2022 | मुल्य रू. ५

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७९
सालको पावन अवसरमा देश विदेशमा रहनु भएका सम्पूर्ण महानुभावहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।
हिक्मत जंग भण्डारी
सहायक महामन्त्री, राप्रपा नेपाल
एवं अध्यक्ष, ट्रेड यूनियन महासंघ नेपाल (टुकोन)
परिवार

# श्रम गन्तव्य मुलुक राजदूतविहीन




काठमाडौं । नेपाली श्रमिकको मुख्य श्रम गन्तव्य देशहरू राजदूतविहीन भएको ७ महिना पुग्यो । लामो समयदेखि २० देशमा राजदूत नियुक्त हुन नसकेको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

पूर्वप्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले नियुक्त गरेका राजदूतहरूलाई शेरबहादुर देउवा नेतृत्वको सरकारले फिर्ता बोलाएको थियो । फिर्ता बोलाएको ७ महिना पुग्दा पनि ती देशमा नयाँ राजदूत नियुक्त गर्न सकेको छैन । राजदूत नियुक्त नहुँदा कूटनीतिक पहल, श्रम सम्झौता, श्रमिकका समस्या समाधान गर्न कठिन भएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जनाएको छ ।

अलपत्र परेकाहरूको उद्धार, कामदारका समस्या समाधान, रोजगारीका क्रममा ज्यान गुमाएकाको शव ल्याउन तथा बिरामी भएकाको उद्धार गर्ने निर्णय गर्नसमेत समस्या हुने गरेको मन्त्रालयका सचिव एकनारायण अर्यालले बताए ।

**यी हुन् राजदूतविहीन देश**

परराष्ट्र मन्त्रालयका अनुसार ३३ देशमा नियोग र नेपाली दूतावास रहेका छन्। जसमा २० देशमा राजदूत रिक्त रहेका छन् । अस्ट्रेलिया, बंगलादेश, बहराइन, चीन, डेनमार्क, इजिप्ट, इजरायल, जापान, मलेसिया, म्यानमार, ओमन, कतार, रुस, श्रीलंका, साउथ अफ्रिका, स्पेन, साउदी अरेबिया, दक्षिण कोरिया, अष्ट्रियामा राजदूत नियुक्ति हुन नसकेको मन्त्रालयले जनाएको छ । यसरी लामो समयदेखि राजदूत नहुँदा विभिन्न समस्या देखिएको परराष्ट्र मन्त्रालयकी प्रवक्ता सेवा लम्सालले जानकारी दिइन् । उनले भनिन्, 'राजदूत नियुक्तिको विषय हामीले धेरै अगाडिदेखि उठाउँदै आएका छौं । सरकारले त्यस विषयलाई गम्भीरताका साथ लिएन ।'

राजदूत नहुँदा कुनै कूटनीतिक पहल हुन नसकेको र विदेशमा रहेका नेपाली श्रमिकका विषय उठाउन नसकेको मन्त्रालयको भनाइ छ । मन्त्रालयका अनुसार कुवेतमा दुर्गाप्रसाद भण्डारी र युएईमा कृष्णप्रसाद ढकाल राजदूत छन् । ढकाल र भण्डारी परराष्ट्र मन्त्रालयका उपसचिव हुन् । उनीहरू सरकारी कर्मचारी भएका कारण फिर्ता नबोलाइएको मन्त्रालय बताउँछ ।

कतार, जापान, मलेसिया, इजरायल, बहराइन र ओमानका राजदूतलाई ५ असोजमा सरकारले फिर्ता बोलाएको थियो । साउदी अरबमा पनि राजदूत नियुक्त हुन सकेको छैन । गत असारमै साउदीका लागि नेपाली राजदूत महेन्द्रप्रसाद सिंह आफ्नो कार्यकाल सकिएपछि स्वदेश फर्किएका थिए । त्यसयता नयाँ नियुक्ति हुन नसकेको हो ।

**२ वर्षदेखि राजदूतविहीन श्रम गन्तव्य मुलुक**

नेपालीको आकर्षक श्रम गन्तव्य मुलुक दक्षिण कोरियामा २ वर्षदेखि राजदूत नियुक्त हुन सकेको छैन। मलेसिया, कतार, ओमान, बहराइन, दक्षिण कोरिया, जापान, इजरायल र दक्षिण अफ्रिकालगायत देशमा नेपाली कामदार रोजगारीका लागि जाने गरेका छन् ।

साउदी अरब र मलेसियामा समेत राजदूत नहुँदा कामदारका समस्या समाधान गर्न मुस्किल भएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जनाएको छ । राजदूत नियुक्ति नहुँदा विदेशमा पुगेर विभिन्न समस्यामा परेका नेपाली उद्धारका लागि सरकारको निर्णय कुर्नुपर्ने अवस्था आएको छ ।

**अन्य विभिन्न देशमा समस्या**


सरकारले राजदूत नियुक्तिमा ढिलाइ गर्दा मलेसिया, इजरायल, कोरियालगायत देशमा समस्या देखिएको छ । लामो समयदेखि रोकिएको मलेसिया सरकारले विदेशी कामदार लिने निर्णय गरेको छ ।

राजदूत नहुँदा कामदारका सेवा सुविधा, सामाजिक सुरक्षा कोषका साथै अन्य विषयमा समेत छलफल हुन सकेको छैन । केयरगिभरका लागि दुई चरणमा नेपालीहरू इजरायल रोजगारीमा गएका छन् । पछिल्लो समय श्रमिक आन्दोलन चलेका कारण विदेशी कामदारलाई रोक लगाएको छ । सरकारले पहल नगर्दा नेपाली जान पाएका छैनन् । कोरियामा मौसमी कामदार पठाउने, भाषा परीक्षा सञ्चालन गर्नमा समस्या देखिएको छ ।

**सरकारसँगै राजदूत पनि फेरिँदा समस्या**

राजदूत नियुक्तिमा सरकारले ढिलासुस्ती गरेको वैदेशिक रोजगारविज्ञ गणेश गुरुङ बताउँछन् । सरकार परिवर्तन हुँदा राजदूत पनि फेर्ने प्रचलनका कारण

# श्रमिकको स्वास्थ्य परीक्षण गर्ने संस्थालाई पारदर्शी र व्यवस्थित बनाउने प्रतिबद्धता



काठमाडौं । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले वैदेशिक रोजगारमा जाने श्रमिकको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्था पारदर्शी र व्यवस्थित गर्ने प्रतिबद्धता जनाएका छन् ।

स्वास्थ्य परीक्षण गर्ने संस्थाहरुसँग मन्त्रालयले काठमाडौंमा आयोजना गरेको कार्यक्रममा मन्त्री श्रेष्ठले स्वास्थ्य संस्थाको सूचीकरण, नवीकरण, र अनुगमन तथा निरीक्षण सम्बन्धी कार्यलाई प्रभावकारी, पारदर्शी, नियमित र व्यवस्थित गरिने बताए ।

विदेशमा रहेका नेपाली श्रमिकको स्वास्थ्य र सुरक्षाप्रति सरकार गम्भीर रहेको भन्दै मन्त्री श्रेष्ठले नक्कली स्वास्थ्य परीक्षण रिपोर्ट बनाउनेदेखि सरकारले तोकेको मापदण्ड नपुगेका स्वास्थ्य संस्थामार्फत रिपोर्ट बनाउने प्रवृत्ति अन्त्य गरिने प्रष्ट पारेका छन् । वैदेशिक रोजगारका समग्र चरण तथा प्रक्रियाहरुलाई पारदर्शी, व्यवस्थित र सुरक्षित बनाउने ध्येयका साथ आफ्नो नेतृत्वमा मन्त्रालयले काम गरिरहेको उनको भनाइ छ ।

वैदेशिक रोजगारीका लागि जाने श्रमिकको स्वास्थ्य परीक्षण गर्न निर्धारण गरिएको मूल्य समयानुकूल समायोजनका लागि मन्त्रालय तयार रहेको मन्त्री श्रेष्ठले बताए ।

मन्त्रालयका सचिव एकनारायण अर्यालले गन्तव्य मुलुकमा गइसकेपछि श्रमिकलाई निम्तन सक्ने स्वास्थ्य समस्याबाट बच्न बाँकी ४ पेजमा....

# विदेशमा नेपाली ठग्नेलाई इन्टरपोलको सहयोगमा कारबाही गर्ने सरकारको घोषणा



आबुधावी । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले नक्कली मागपत्र बनाउने, झुटो आश्वासन र रोजगारीको प्रलोभन देखाएर कानुनले तोकेको प्रकृयाभन्दा बाहिरबाट नेपालीलाई युएई ल्याउने कार्यमा संलग्न व्यक्तिलाई अन्तर्राष्ट्रिय प्रहरी अपराध संगठन (इन्टरपोल)को सहयोगमा युएईबाट नेपाल झिकाउने तयारी गरिएको बताएका छन् ।

आबुधावीस्थित नेपाली दूतावासद्वारा आयोजित कार्यक्रममा नेपाली समुदायसँग अन्तरक्रियाका क्रममा मन्त्री श्रेष्ठले वैदेशिक रोजगारीलाई सुरक्षित र व्यवस्थित गर्ने अभियानअघि बढाइएको बताउँदै गैरकानुनी काम गर्ने नेपालीहरु विदेशी भूमिमा पनि नजोगिने बताए । नेपाली नागरिकलाई युएईमा अलपत्र पार्ने संस्था वा व्यक्तिलाई कारबाहीको दायरामा ल्याउन र पीडितलाई कसरी न्याय दिलाउन सकिन्छ भन्नेबारे मन्त्री श्रेष्ठले नेपाली समुदायबाट सुझाव लिएका थिए । उनले इन्टरपोलबाट 'रेड नोटिस' जारी गरेर दलालको खोजी गरी कारवाहीको दायरामा बाँकी ४ पेजमा....

# दुर्गममा चिकित्सक पठाउन मान्दैनन् मेडिकल कलेज




काठमाडौं । सरकारी तथा निजी मेडिकल कलेजले स्वास्थ्य मन्त्रालयले तोकेको जिल्ला अस्पतालमा शल्यक्रियासहितको विशेषज्ञ सेवा नदिँदा बिरामी घण्टौं धाएर प्रादेशिक अस्पताल वा संघीय राजधानी काठमाडौंसम्म पुग्न बाध्य छन् ।

जिल्ला अस्पतालमा उपचार नपाएर बिरामीले अकालमा ज्यान गुमाइरहे पनि मेडिकल कलेजहरूले दुर्गममा चिकित्सक खटाउन आनाकानी गर्दै आएका छन् ।

राष्ट्रिय चिकित्सा ऐन, जनस्वास्थ्य नियमावली तथा मेडिकल कलेज/स्वास्थ्य विज्ञान प्रतिष्ठान विशेषज्ञ शल्यचिकित्सा सेवा कार्यविधिमा समेत मेडिकल कलेजले जिल्ला अस्पतालमा शल्य चिकित्सक, प्रसूति तथा स्त्रीरोग विशेषज्ञ र एनेस्थेसियोलोजिस्ट तथा एनेस्थेसिया सहायक खटाउनुपर्ने व्यवस्था छ, तर त्यसको कार्यान्वयन भएको छैन ।

# मस्तिष्कघात



**डा. प्रितम गुरुङ**
न्युरोसर्जन
अन्नपूर्ण न्यूरो अस्पताल

**परिचय**

ब्रेन स्ट्रोक अथवा मस्तिष्कघात एउटा आपतकालीन अवस्था हो । हृदयाघातको बारेमा प्राय मानिसमा ज्ञान भएता पनि मस्तिष्कघात बारे कमै मात्रमा जानकारी छ । हृदयाघात र मस्तिष्कघात प्राय उस्तै प्रकृतिबाट हुन्छ तर हृदयाघातले तत्काल मृत्यु हुने सम्भावना धेरै हुन्छ भने, मस्तिष्कघातले लामो समयसम्म जिवन जिउनसमेत बाध्य पार्न सक्छ, परिवारको जीवन समेत क्षत–विक्षत पारिदिन्छ ।

मस्तिष्कघात भनेको हृदयाघात जस्तै नै हो । मुटुमा आउने अट्याक र मस्तिष्कमा आउने अट्याकको कारण लगभग उस्तै नै हुन्छ । फरक के छ भने, मस्तिष्कघात हुँदा दुख्दैन, हृदयाघात हुदाचाँही छातिमा एकदमै दुख्छ । मस्तिष्कघात दुई किसिमको हुन्छ । एउटा हो मस्तिष्कको कुनै भागमा रगतको कमि भएर हुने र अर्कोचाहि रगत बढि भएर हुने । केही गरी गिदीमा रगत लाने नशा जाम (ब्लक) भयो र रगत प्रवाह हुन सकेन भने त्यसलाई इस्केमिक स्ट्रोक **(Ischemc Stroke)** भनिन्छ ।

इस्केमिक स्ट्रोकका बिरामीहरु धेरै हुने गर्दछ । ७० देखि ८० प्रतिशत मस्तिष्कघात यही कारणले हुने गर्दछ । कुनै कारणबाट रगतको नशा फुटेर गिदीमा जम्यो भने चाँहि त्यसलाई ब्रेन ह्यमरेज(Hemorrhagic Stroke) भनिन्छ । २० देखि ३० प्रतिशत मस्तिषकघात रगतको नशा फुटेर हुने गर्छ ।

नेपालमा मस्तिषकघातको समस्या बढ्नुको मुख्य कारणहरु जिवनशैली परिवर्तन जसकारण डायबिटिज, उच्चरक्तचाप, कोलेस्टेरोल आदि दिर्घरोगहरु बढ्नाले हुन् । अन्नपूर्ण न्यूरो अस्पताल, माइतिघर, काठमाडौंमा गरेको अध्ययनबाट ८०% जनामा मस्तिष्कघात भएको पाइएको छ ।

उच्च रक्तचापको औषधि सेवन गरेर बिचमै छाड्नेहरुमा ९० प्रतिशत ब्रेन ह्यामरेज भएको देखिन्छ । विकसित देशमा रक्तचापको औषधि नियमित खान्छन् र प्रेसरलाई कन्ट्रोलमा राख्छन् । तर हाम्रो जस्तो अविकसित देशका जनताले चिकित्सकको सल्लाह बिना आफुखुसी औषधि पसलमा गई औषधि लिने र खाने चलन छ । उच्च रक्तचापको औषधि खान शुरु गरेपछि नियमित खाने र समय समयमा मुटु रोग विशेषज्ञसँग नियमित जाँच लिन अत्यन्त आवश्यक छ ।

उच्च रक्तचापको औषधि अचानक बिचमै छाड्नाले आर्टरीमा हुने रगत भल्भमा असर गर्छ र नशा फुट्छ । ब्रेन ह्यामरेजका अरु कारणहरु पनि हुन् । जसमा मस्तिष्क भित्रको नसाको खराबिको कारणले नसा फुट्नु हो । अर्को एभिएम **(AVM)** अर्थात आर्तरीयो भेनस मालफरमेसन जन्मजात रगतको नशा गडवडि हुनु । यो भनेको सिधा जानुपर्ने रगतको नसा कुनै स्थान जेलिएर अथवा गुजुल्टो भएर बस्छ र त्यही स्थान कमजोर हुने भएकोले फुट्न पुग्छ । रगतको प्रवाहमा गडबडिको कारणले रगतको नशा फुलेमा त्यसलाई एन्यूरिज्म जुन एक्कासी फुटेमा बिरामी तल माथी हुने सम्भावना धेरै हुन्छ ।

मस्तिष्कघातलाई कसरी चिन्ने ?

यदि कुनै मानिसलाई मस्तिष्कघात भएमा मसनका सङ्केत देखा पदर्छ । प्रायः मानिसमा मस्तिष्कघात हुदाँ एकासि मुख बाङ्गो, एक पट्टिको हातखुट्टा लुलोपन हुने, बोली बाँकी ४ पेजमा....

**प्रकाशक : ट्रेड युनियन महासंघ नेपाल (टुकोन)**

**संरक्षक** : हिक्मतजंग भण्डारी (मो. ९८५१०९७४९६)

**सम्पादक** : कृष्ण खनाल

**लेआउट डिजाइन** : सुजन तामाङ

**व्यवस्थापक** : आनन्द कुमार रिसाल

**कार्यालय** : धुम्बाराही, काठमाडौं

**इमेल** : tuconnepal@gmail.com

**वेबसाइट** : tuconnepal.org.np

**फोन** : 01-4009137

**मुद्रण** : स्पिड लाईन प्रिन्टर्स. बागबजार, काठमाडौं

# सम्पादकीय

## श्रमिक बालबालिकाको संरक्षण गर !

हाम्रा ग्रामीण भेगमा बालबालिका परिवारका सक्रिय हिस्सेदार हुने गर्छन्। अभिभावकलाई खेतीपाती, भात-भान्सालगायतका काममा सघाउँदै आएका छन्। आफ्नो परिवारको काम गर्नु र अर्काकोमा गर्नुमा फरक छ। गरिबीले गाँजेका धेरै परिवारका बालबालिका अर्काका घरमा घरेलु कामदारका रूपमा छन्। कतिपय बालबालिका सर्कस तथा इँटाभट्टामा काम गर्छन्। कतिपय खोला किनारमा गिट्टी कुटिरहेका वा बालुवा चालिरहेका भेटिन्छन्। खेल्ने-कुद्ने उमेरमा श्रममा लगाउँदा बालबालिकाको बौद्धिक, शारीरिक र भावनात्मक विकासमा असर परिरहेको हुन्छ।

एक थरी वर्ग संरक्षणका नाममा हरेक क्षण आफ्ना सन्तान वरिपरि नै भइरहून् भन्ने ठान्छन् र अति आवश्यक दैनिक कार्यसमेत छोराछोरीलाई गराउँदैनन् वा सिकाउँदैनन्। ती काम नोकरचाकरमार्फत गराइन्छन्। अर्का थरी अभिभावक आफू मरिमेटेर छोराछोरीलाई विद्यालय पठाउने गर्छन् र पढेर छोराछारीले आफ्नो दु:ख छिट्टै हटाइदिन्छन् भन्ने आशा राख्छन्। आफ्नो सपना छोराछोरीमार्फत पूरा भइरहेको छ भनेर रमाउँछन्। अभिभावकले आफ्नो सम्पूर्ण आशा बालबालिकामाथि थुपार्नु उनीहरूलाई दबाब दिनु हो। प्रत्येक व्यक्तिको क्षमता फरकफरक हुन्छ भन्ने बुझ्न अभिभावकले सकिरहेका छैनन्। यस्तो व्यवहारले बालबालिकाबाट बालापन खोसिँदै छ।

अर्को वर्ग छ, जसको जीवनको उद्देश्य नै दैनिक ज्यालामजदुरीबाट सामल जुटाउने अनि खाने-पिउने हुन्छ। उनीहरूको धेरै ठूलो सपना छैन। सन्तान लड्दैपड्दै हुर्किरहेका हुन्छन्। त्यही समाजभित्रका कतिपय तेज बालबालिकाले संघर्ष गर्दै जीवन रूपान्तरण पनि गरेका छन्। कोही अभिभावक अझै सर्वहारा जीवनमै रमाइरहेका हुन पनि सक्छन्। यसरी बालबालिकाको हुर्काइ भिन्न भए पनि उमेरअनुसार हुर्कन पाउने उनीहरूको अधिकारलाई भने चासो दिइएको पाइँदैन। जुनै वर्गको भए पनि बालबालिका आखिर बालबालिका नै त हुन्!

बाल मजदुरी बालअधिकारका धाराहरूले स्विकार्दैनन्। तर निम्न वर्गीय बालबालिकालाई आफ्ना अभिभावकसँगै काम गर्नुपर्ने बाध्यता छ। अनि यस्ता श्रमिक बालबालिकामा पढ्नुपर्छ भन्ने चेत पनि विकसित हुन कठिन हुन्छ। पढ्नै पाए पनि उनीहरूले यसलाई निरन्तरता दिन सक्ने वातावरण परिवारमा हुन्न। कतिपय बालबालिका पढ्न विद्यालय पनि जान्छन् र बाँकी समय मजदुरी पनि गर्छन्। यस्तो अथक मिहिनेत गरे पनि उनीहरू पढाइमा धेरै लामो समय टिक्न सक्दैनन्। कुनै न कुनै बेला विद्यालय छुटिहाल्छ। उनीहरूले सुन्दर भविष्यको कल्पना पनि गर्न सक्दैनन्।

नेपालमा बाल श्रममा निर्भर परिवार निकै छन्। लालनपालन गर्न नसकेपछि उनीहरूलाई श्रममा लगाउन बाध्य छन अभिभावकहरू। यसले बालबालिकाको मनोविज्ञान र स्वास्थ्यमा निकै असर पुऱ्याइरहेको छ। बालबालिकाले काम गर्ने स्थान पनि सुरक्षित हुँदैनन्। समाजमा असमान पुँजी वितरणका कारण गरिब परिवार झन् गरिब, धनी झन् धनी भइरहेका छा्। यसको मार निम्न आय भएका परिवारका बालबालिकामा पनि परिरहेको छ। पढ्ने उमेरमा श्रममा खटिँदा भविष्य अन्धकार भइरहेको छ।

बालबालिका हुर्कँदै गर्दाको समय संवेदनशील हुने गर्छ। यस्तो बेला परिवारले निकै हेरचाह गर्नुपर्ने हुन्छ। परिवार, समाज र राज्यको सकारात्मक भूमिका रहे बालबालिकामाथि भइरहेको अन्याय र शोषण कम गर्न सकिन्छ। बालापनको सुरक्षा र विकास कसरी गर्ने भन्ने प्रश्न दिनदिनै जटिल बन्दै गइरहेको बेला यो विषयमा सबैभन्दा पहिले अभिभावक सचेत हुनुपर्छ। बालबालिकाको सुरक्षा परिवारभित्रै हुने हो। अभिभावकले बालबालिकालाई अतिरिक्त आर्थिक भार थोपर्नु हुन्न। बाल अधिकारका बारे पनि उनीहरू जानकार हुनुपर्छ। कतिले त बाध्यतावश बालबालिकालाई श्रममा धकेलिदिएका हुन सक्छन्। यस्तो परिवारको पहिचान गरी तिनको आर्थिक अवस्था कसरी उकास्ने भन्नेमा राज्यले ध्यान दिनु जरूरी छ। यस क्षेत्रमा राज्यको बलियो पहलकदमी आवश्यक छ।

कुनै तनाव-झन्झटबिना पढेर, खेलेर समय बिताउनुपर्ने बालबालिकाले खानकै लागि श्रम गर्नुपर्ने वातावरणको अन्त्य हुनुपर्छ। प्रत्येक अभिभावकले बालबालिकाको अधिकारबारे सोच्नुपर्छ, उनीहरूको बालापन बचाउने उपाय खोज्नुपर्छ। बालबालिकाको प्रतिभा पहिचान गरी निखार्ने अवसर विद्यालयले दिलाउनुपर्छ। कानुनले बाल श्रम रोके पनि, व्यवहारमा रोकिएको छैन। यसलाई रोक्न अभिभावक, विद्यालय तथा राज्यले पनि विशेष पहल गर्नुपर्छ।

# फेसन डिजाइनर गोमाको संघर्ष : जो दिल्ली छाडेर बुटिक चलाउन नेपाल आइन्

**-ससिता सिलवाल**

काठमाडौं। ललितपुरको कुपण्डोल बस्दै आएकी वीरगञ्जकी गोमा तिवारीले बुटिक व्यवसाय सुरु गरेको तीन वर्ष भयो। तिवारीले व्यवसाय थाल्नु र कोरोना महामारी सुरु हुनु एकैपटक भयो। व्यवसाय थालेको दुई महिना नपुग्दै लकडाउन भयो। उनलाई 'पहिलो गाँसमै ढुंगा' भनेजस्तै भयो। तर, उनले हरेस खाइनन्।

'कोरोनाका कारण त्यति लामो समय लकडाउन हुन्छ भनेर सोचेको पनि थिइनँ। व्यवसाय सञ्चालन गर्ने सबै तयारी भइसकेको थियो। व्यवसाय सुरु गरेपछि केही समय त निल्नु न ओकल्नु जस्तो भयो', उनले भनिन्,'भाडा महंगो, व्यवसाय ठप्प। इन्डियाबाट आएका कारीगरहरुलाई पनि तलब दिनुपऱ्यो। कहाँबाट ल्याउने ? एकदमै समस्या भएको थियो।'

तर, यस्तो अवस्था आउँदा पनि हिम्मत नहारी काम गरेको तिवारी बताउँछिन्। 'अहिले पनि कोरोनाको असर त हटेको छैन। व्यवसाय चाहिँ केही बढेको छ। बुटिकको व्यवसाय भनेको बिहेको सिजनमा चल्ने व्यवसाय हो।' उनी भन्छिन्, 'महंगीका कारण व्यवसाय बचाउन अझै पनि सजिलो छैन। पटक-पटक हुने कर वृद्धिले गर्दा आउने ग्राहकलाई पनि सोच्याजस्तो सेवा दिने सम्भावना कम भएको छ।' नयाँ व्यवसाय र कोरोनाले धेरै चुनौतीको सामना गर्न सिकाएको उनी बताउँछिन्। अन्य व्यवहारिक कामले पनि समस्या हुने उनको भनाइ छ। उनी भन्छिन्, 'म विवाहित महिला, घरको काम गर्नै पऱ्यो। सानो बच्चाको पनि ख्याल राख्नु पऱ्यो। सँगसँगै पढाइ अगाडि बढाउनु पऱ्यो। यस्ता चुनौतीको सामना गर्नु सानो कुरा थिएन।'

मध्यम वर्गीय परिवारमा जन्मिएकी तिवारीसँग साहस र क्षमता दुवै छ। उनले गरेको संघर्षले उद्यम क्षेत्रमा आउन महिलालाई उत्साहित गर्छ। उनी भन्छिन्, 'उद्योग क्षेत्रमा मात्र नभएर हरेक क्षेत्रमा चुनौती छ। यसैले आफूले जे गर्न सकिन्छ त्यो कामलाई चुनौतीभन्दा पनि अवसर र कर्तव्यको रुपमा स्वीकार गर्न सक्यो भने यसले आफूलाई आत्मविश्वासी बनाउन मद्दत गर्छ।'

सानो हुँदा उनी आमाको कमाइमा हुर्किएकी हुन्। आमाले गरेको संघर्षले आफूलाई पनि प्रेरणा मिलेको उनको भनाइ छ। 'हाम्रो पालनपोषण आमाले गर्नु भएको हो। यसकारण माइतीघरको वातावरण छोरीलाई पनि केही बनाउनु पर्छ, आफ्नो खुट्टामा आफैं उभिन सिकाउनु पर्छ भन्ने खालको थियो।' छोरीको आमा बनेर पनि सिप सिक्न पाएकोमा उनी खुशी छन्। उनले फेसन डिजाइनको कोर्ष बिहेपश्चात नै गरेकी हुन्। 'नेपालमा मात्र यो कोर्ष गरेर पुगेन। बाहिर जाने सोच आयो। बाहिर हाम्रो हरेक कुरा मिल्ने ठाउँ इन्डिया नै थियो। त्यहीँ गएँ', उनले भनिन्।

तिवारीले सन् २०१९ मा नयाँ दिल्लीको आईआईएफटी नर्थ क्याम्पसबाट फेसन डिजाइनको कोर्ष पूरा गरिन्। नयाँ दिल्लीमा पढ्दा त्यहीँ बुटिक चलाएकी थिइन्। नेपालभन्दा भारतमा फेसन धेरै अगाडि बढेको हुँदा त्यहाँका ग्राहक सचेत भएको उनी बताउँछिन्। उता गुणस्तरीय उत्पादनले मूल्य पनि राम्रो पाउने उनको भनाइ छ। 'इन्डियाका अधिकांश मान्छेलाई कुन ड्रेस कस्तो सामग्रीबाट बनेको हुन्छ भन्ने थाहा हुन्छ', उनी भन्छिन, 'ग्राहक आउँछन्। मन परेको सामान लिएर जान्छन्। तर, नेपालमा अझै पनि फेसनलेबल ड्रेस लगाउने मान्छे कम नै छन्। उनीहरुलाई बुझाउन र नयाँ डिजाइनका कपडा सबैको पहुँचमा पुऱ्याउन नै मैले यो व्यवसाय सञ्चालन गरेको हो।'



तिवारीका अनुसार मान्छेमा अहिले पनि डिजाइनर कपडा भनेको महंगो तथा कमाइले नधान्ने कपडा भन्ने सोच राख्छन्। यस्तो सोच परिवर्तन गराउने उद्देश्यले आफूले काम थालेको उनको भनाइ छ। 'अहिले नेपालमा भइरहेको तरलता अभाव, चर्को ब्याजदर, सरकारले घरिघरि बढाउने भन्सारको रेटजस्ता कुराले बुटिक व्यवसायीलाई पनि मारमा पारेको छ। हामीले मानिसको चाहना अनुसारको ड्रेस भनेको मूल्यमा तयार पार्न सक्दैनौं', तिवारी भन्छिन्, 'यो कुरा ग्राहकले पनि बुझ्नुभएको होला। विस्तारै यो अवस्थाको अन्त्य हुन्छ। मैले सामान्यदेखि सबैभन्दा धेरै मूल्य भएका प्रोडक्टहरु बनाउने योजना बनाएको छु। सानो खर्च गरेर पनि मानिसले आफ्नो आवश्यकता पूरा गर्न सकुन् भन्ने मेरो चाहना छ।'

# अर्थतन्त्रमा गहिरिदो संकट, 'निरीह' सरकार




**-सुमित्रा कार्की**

काठमाडौं। केही समयअघि अर्थमन्त्री जनार्दन शर्माले भनेका थिए, 'बजारबाट हराएको पैसा खोज्दैछु।' निर्वाचनको संघारमा आएको यो अभिव्यक्तिको ठट्यौला पारामा प्रतिटिप्पणी हुन थालेको छ, 'पैसा त अर्थमन्त्री खोज्दै होलान्, तर देशका लागि होइन, आफू र आफ्नो दलका लागि !'

अर्थतन्त्रको गति हेर्दा उनले पैसा भेट्दासम्म देशको अर्थतन्त्र 'कोमा'मा पुगिसक्ने कतिपय अर्थशास्त्रीको भनाइ छ। पहिले नै उच्च रहेको बैंकहरूको ब्याजदर अझै बढ्ने संकेत देखिसकिएको छ। बैंकिङ्ग प्रणाली तरलताको उच्च अभावबाट गुज्रिएकै ६ महिनाभन्दा बढी भइसकेको छ। तर, सरकारले यसलाई लयमा ल्याउने उपाय निकाल्ने प्रयत्न नगरेको अर्थशास्त्री प्राडा गोविन्द नेपालले बताए।

'यो समस्या स्पष्ट रुपमा भ्रष्टाचारकै कारण आएको हो,' प्राडा नेपालले भने, 'सरकारका सबै निकायमा बसेकाहरू भ्रष्टाचारमा चुर्लुम्म छन्। अनौपचारिक अर्थतन्त्र मौलाएको छ। हाम्रो प्रणालीमै भ्रष्टाचार र व्यथितिले जरा गाडिसकेको छ।'

मेरिट (क्षमता)मा आधारित प्रणाली ध्वस्त बनाइएको अर्थविद्हरूको टिप्पणी छ। राज्यका जुनसुकै निकायमा मौलाएको गलत संस्कार तथा अभ्यासलाई रोक्नसक्ने क्षमतावान् कर्मचारीलाई पाखा लगाइएको छ। राजनीतिक नियुक्ति पाएकाहरू पनि राजनीतिक तहबाट भएका विकृतिबारे मौन छन्। अहिलेको समस्या समाधानको लागि आवाज उठाउनेहरू कोही अधिकारविहीन बनाइएका छन् भने कसैलाई भूमिकाविहीन बनाइएको छ।

सरकारका कुनै पनि निकायले अहिलेको समस्या समाधान गर्न गम्भीरता नदेखाउनु दुखद् भएको प्राडा नेपाल बताउँछन्। 'पैसा कहाँ छ भन्ने अर्थमन्त्रालय र नेतृत्वमा बसेका कसलाई थाहा छ ? हरेक वर्ष स्रोत नखुलेका पैसा कसले चलाउँछ ? कसले पैसा प्रणालीबाटै बाहिर राख्छ ? विदेशबाट आउनुपर्ने विदेशी मुद्रा कसरी उतै रोकिन्छ भन्ने लगायतका तथ्यहरू कम्तिमा सरकारमा बस्ने सबै जसो दलका मुख्य नेताहरूलाई थाहा छ,' नेपालले भने।

सरकारमा बसेका, अर्थ मन्त्रालय र राष्ट्र बैंकका उच्च पदाधिकारीहरूलाई समाधानका उपायको पनि ज्ञान भएको नेपालको दाबी छ। तर, इच्छाशक्ति नदेखिँदा अर्थतन्त्रमा संकट गहिरिँदो छ। अर्थ मन्त्रालयको सल्लाहकारको पद सम्हालिसकेका अर्थविद् केशव आचार्य अर्थतन्त्र अहिलेको अवस्थामा आइपुग्नु र निरन्तर ओरालो लाग्नुमा समग्र राजनीतिक प्रणाली र सरकारमाथिको विश्वासको संकट रहेको बताउँछन्।

'स्थायित्वको अनुभूति व्यापारीहरू मात्र होइन सामान्य जनताले पनि गर्न सकेका छैनन्,' उनले भने, 'उनीहरूमा असुरक्षाको भावना पैदा भएको छ। यसले गर्दा पैसा जगेडामा राख्नुपर्छ भन्ने भाव पैदा भएको छ।'

### गहिरिदो संकट

संकट यति गहिरिएको छ कि, अर्थतन्त्रका सबै सूचक लगातार ओरालो लागिरहेका छन्। सरकारी ढुकुटीमा पैसा घट्दो छ। कोभिडको कारण विदेशमा नेपाली कामदारको संख्या कम हुँदा पनि नघटेको रेमिटेन्स अहिले ओरालो लागेको छ। विश्वबजारमा तेलको भाउ बढ्दा आयातमा ठूलो धनराशी खर्च भइरहेको छ। यहीबेला सरकारले भारतबाट प्रति युनिट रु.३८ को उच्चदरमा विद्युत आपूर्ति गर्नु परेको छ। यसले पनि नेपालको मुद्रा सञ्चितिमा थप भार पर्ने अर्थविद्हरूको भनाइ छ।

उपभोग्य वस्तुहरूको आयातमा पनि कमी आउन सकेको छैन। असार मसान्तमा १३ खर्ब ९९ अर्ब ३ करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चितिमा १६.२ प्रतिशतले कमी आउँदा २०७८ माघ मसान्तमा ११ खर्ब ७३ अर्ब २ करोडमा सीमित भएको छ। यसले करिब साढे ६ महिनाको वस्तु तथा सेवा आयात गर्न मात्रै पुग्ने देखिन्छ।

यसैबीच, नेपाल आयल निगमले इन्धनको खपत घटाउन काठमाडौं उपत्यकामा जोरबिजोर प्रणाली लागू गर्ने र आइतबार पनि सरकारी विदा दिनुपर्ने प्रस्ताव अघि सारेको छ। निरन्तर घाटामा चलिरहेको निगमलाई सरकारले अनुदानबाट प्राण धानिदिरहेको छ।

नेपालले पेट्रोलियम पदार्थको आयातमा मात्र १५ दिनमा करिब रु.४ अर्ब ६६ करोड घाटा हुने प्रक्षेपणसँगै निमगले घाटा कम गर्न आपूर्ति घटाउने उपाय प्रस्ताव गरेको हो। नेपालको विदेशी मुद्रा सञ्चितिको सबैभन्दा ठूलो हिस्सा नै पेट्रोलियम पदार्थको आयातमा खर्च हुन्छ। आयल निगमको यो प्रस्तावले नेपालको अहिलको अर्थतन्त्रको हबिगत देखाउँछ। अर्थतन्त्र निरन्तर तीव्र गतिमा ओरालो लागेको छ। तर, यसलाई सच्याउने तत्परता सरकारले देखाएको छैन।

राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष समेत रहेका कांग्रेस केन्द्रीय सदस्य प्राडा गोविन्दराज पोखरेलले अर्थतन्त्रको अवस्थामा सुधार गर्न नसकिए आगामी महिना औषधि खरिद गर्नसमेत नसकिने बताएका छन्। नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिमा प्रधानमन्त्रीसमेत रहेका कांग्रेस सभापति शेरबहादुर देउवालाई उनले लिखित रूपमा अर्थतन्त्रको जर्जर तस्बिर पेश गरका छन्। अर्थशास्त्री आचार्य असुरक्षाको महशुस बढ्दै संकट झनझन् बढ्दै जाने बताउँछन्।

### सरकार किन मौन ?

अर्थतन्त्रको समस्या समाधानका लागि सरकारको सार्थक उपस्थिति देखिएको छैन। सत्तारुढ नेपाली कांग्रेसकै नेताहरू पनि अहिलेको अर्थतन्त्र र सरकारको कामकारबाहीसँग असन्तुष्ट देखिन्छन्।

पूर्वमन्त्रीसमेत रहेकका कांग्रेसका एक नेता भन्छन्, 'हामीले प्रधानमन्त्रीज्यूसँगको हरेक भेटमा अवगत गराइरहेका छौं। हामीसँग निकट अर्थशास्त्रीहरूले निरन्तर भनेको सुनिएको छ। प्रधानमन्त्री राजनीतिक भागबण्डा र गठबन्धन जोगाएर फेरि प्रधानमन्त्री बन्ने ध्याउन्नमा मात्र हुनुहुन्छ।'

नेपाली कांग्रेसका केन्द्रीय सदस्य प्रकाश स्नेहीले त भर्खरै सम्पन्न कांग्रेस केन्द्रीय कार्य समिति बैठकमा अर्थमन्त्री शर्मालाई हटाउनुपर्ने माग गरे। उनको अक्षमताको साझेदार कांग्रेस हुनु परिरहेको बताउँदै उनले माओवादीलाई नै मन्त्रालय दिने हो भने पनि शर्माको विकल्प खोज्नुपर्ने भनाइ राखेका थिए।

अर्थमन्त्री शर्मा भने आफैं 'पैसा हरायो' भन्दै हिँडिरहेका छन्। राष्ट्र बैंकका पदाधिकारीहरू राजनीतिक नेतृत्वसँग 'प्रश्नै गर्न डराउने' अवस्थामा छन्। राष्ट्रिय योजना आयोग लोकरिझ्याइँका कामहरू र सरकारमा बसेका केही व्यापारीहरूका स्वार्थ अनुसारका योजनाको खाका बुन्नै व्यस्त भएको एक अर्थशास्त्री बताउँछन्।

अर्थविद् केशव आचार्य अर्थतन्त्र संकटग्रस्त हुँदै गएको अहिलेको अवस्थामा कम्तिमा तीनवटा सरकारी निकाय अर्थ मन्त्रालय, राष्ट्र बैंक र योजना आयोगबीच अर्थपूर्ण सहकार्यको आवश्यकता देख्छन्। 'यी निकायहरू एकै ठाउँमा बसेर अब के गर्ने ? प्लान ए के हो ? भोलि हामीले पेट्रोलियम पदार्थ आयात गर्न सकेनौं भने के गर्ने? विदेशको ऋण नै तिर्न नसक्ने अवस्था आयो भने के गर्ने? अन्य आर्थिक सूचक सुधारका लागि के गर्ने ? यी विषयहरूमा गहन छलफल हुन आवश्यक छ,' उनले भने।

आर्थिक संकट यति गहिरो भइसक्दा

# विलासी वस्तुमा कर बढाउँदै सरकार



(अर्थमन्त्री जनार्दन शर्माको फोटो राख्ने)

काठमाडौं । सरकारले विलासी वस्तुको भन्सार दरबन्दी बढाउने भएको छ । अघिल्लो मंगलबार मन्त्रीहरू, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, मुख्य सचिवलगायतका पदाधिकारी बैठकले भन्सार बढाउने निर्णय गरेको अर्थ मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा अर्थमन्त्री जनार्दन शर्माले जानकारी दिएका हुन् । 'विलासी वस्तु, उच्च मूल्यका सवारीसाधन, अत्यावश्यकबाहेकका इलेक्ट्रोनिक सामानलगायत आयात नियन्त्रण गर्ने वस्तुहरूको पहिचान गरी उच्च पैठारी मूल्य भएका वस्तुहरूको भन्सार बिन्दुमा लाग्ने महसुल दर वृद्धि गर्ने र केही समयका लागि त्यस्ता वस्तुको प्रतीतपत्र खोल्न पनि निरुत्साहित गर्ने प्रस्ताव अघि बढाएका छौँ,' उनले भने । यो प्रस्तावलाई मुख्यसचिवका माध्यमबाट मन्त्रिपरिषद् बैठकमा लगिने उनले बताए ।

नेपाल राष्ट्र बैंकले यसअघि नै गाडीलगायतका वस्तुको एलसी केही समयका लागि बन्द गर्न निर्देशन दिएको थियो । बैंकर्स संघको आइतबार बसेको बैठकले एक साताका लागि त्यस्ता वस्तुको एलसी नखोल्ने निर्णय गरेको छ ।श्रमिकले पठाउने रेमिट्यान्स बढाउन सञ्चित लगानी कोष बनाउने प्रस्ताव मन्त्रिपरिषद्मा पुगेको जानकारी पनि उनले दिए । उक्त कोषको पैसा नाफामूलक क्षेत्रमा लगानी गर्ने पनि उनले बताए । त्यस्तै, नेपालमा आइपिओ र एफपिओ जारी गर्दा विदेशमा रहेका श्रमिकका लागि कोटा छुट्याउने प्रस्ताव अघि बढाएको उनले बताए । वैदेशिक लगानीमा अहिले कायम सीमा हटाउने प्रस्ताव पनि मन्त्रिपरिषद्मा पुगेको जानकारी उनले दिए । 'गैरआवासीय नेपालीलाई पनि पाँच करोडकै सीमा कायम छ, त्यसमा परिमार्जन गर्ने कुरा हामीले अघि बढाएका छौं,' उनले भने । आयात नियन्त्रण गर्न थप अध्ययन गर्ने र तरलताको संकट समाधान गर्न आवश्यक पहल गर्ने निर्णय भएको जानकारी पनि उनले दिए ।

**देश श्रीलंका हुन्छ भन्नु राष्ट्रघात**

अर्थमन्त्री शर्माले मुलुकमा आर्थिक संकट आइसकेको भन्दै अफवाह फैलाइएको आरोप लगाएका छन् । उनले अर्थतन्त्रलाई राजनीतीकरण गरिएको पनि बताए । 'केही राजनीतिक दलहरूले सरकारले चुनावलाई पैसा दिन सक्दैन, वृद्धभत्ता दिन सक्दैन भनेर अफवाह फैलाइरहेका छन्, जुन शतप्रतिशत गलत हो,' अर्थमन्त्री शर्माले भने, 'आजको दिनमा सरकारी ट्रेजरीमा खर्च गर्न सक्ने ६७ अर्ब रुपैयाँ रकम छ, चुनावका लागि आवश्यक बजेट निकासा भइसकेको छ ।' देश श्रीलंका हुन्छ भन्नु राष्ट्रघात भएको अर्थमन्त्री शर्माले बताए ।

पछिल्लो समय अर्थतन्त्र चलायमान हुन थालेको उनको दाबी छ । 'उद्योगको उत्पादन बढेको छ, पछिल्ला महिनामा पर्यटक आगमन बढेको छ, फागुनदेखि रेमिट्यान्स पनि उच्च रूपमा बढ्न थालेको छ, राजस्व लक्ष्यभन्दा बढी उठेको छ, बजेट खर्च पनि विगत वर्षहरूभन्दा बढी नै भइरहेको छ, बैंक तथा वित्तीय संस्थाहरूबाट ऋण पनि उच्च मात्रामा गइरहेको छ,' अर्थमन्त्री शर्माले भने, 'अर्थतन्त्रका प्रमुख सूचक यिनै होइनन् ? तथ्यांकले त अर्थतन्त्र खराब बनिसक्यो भन्दैन त ?' अर्थमन्त्री शर्माले कानुनअनुसार नै गभर्नरमाथि छानबिनका लागि सरकारले समिति गठन गरेको बताएका छन् । गभर्नरमाथि कुन आरोपमा छानबिन समिति बनाइएको हो भन्ने सञ्चारकर्मीको प्रश्नमा उनले भने, 'छानबिन समितिलाई छानबिन गर्न दिइएको छ, एक महिनाभित्र रिपोर्ट आउँछ, अनि आरोपबारे स्पष्ट हुन्छ ।'

यस्तो अर्थतन्त्रको अवस्था

अर्थतन्त्रको वर्तमान अवस्थाको सम्बन्धमा आमनागरिक तथा सरोकारवालालाई जानकारी दिन भन्दै अर्थ मन्त्रालयले चालू आर्थिक वर्षको हालसम्मका सूचकहरूको अवस्था सार्वजनिक गरेको छ । जसमा अर्थतन्त्रका समष्टिगत परिसूचकहरू सामान्य नै रहेको जिकिर गरिएको छ । बाह्य क्षेत्रमा केही दबाब सिर्जना भएकाले आयात व्यवस्थापन र विदेशी विनिमय सञ्चितिलाई बढावा दिने गरी केही नीतिगत कदमहरू चालिसकिएको अर्थ मन्त्रालयले जनाएको छ । सरकारले चालू आवमा ७ प्रतिशतको आर्थिक वृद्धि हासिल हुने लक्ष्य लिएको छ । उद्योग-व्यवसाय, सेवालगायत क्षेत्रमा क्रमशः सुधार देखिएको र त्यसबाट आर्थिक वृद्धिदरमा सकारात्मक प्रभाव पर्न जाने अर्थ मन्त्रालयले जनाएको छ ।

**मूल्यवृद्धि ५.४ प्रतिशत, व्यापार घाटा झन्डै १३ खर्ब**

चालू आर्थिक वर्षको आठ महिनासम्मको औसत उपभोक्ता मुद्रास्फीति ५.४ प्रतिशत रहेको छ । पछिल्लो समयमा विश्व बजारमा कच्चा पेट्रोलियम पदार्थको मूल्य निरन्तर बढ्दै गएका कारण त्यसको प्रत्यक्ष प्रभाव नेपालको समग्र मूल्यस्तरमा परेको मन्त्रालयले उल्लेख गरेको छ । विगत तीन वर्षको औसत मुद्रास्फीति ५.१८ प्रतिशत रहेको छ । २५ चैतसम्म नेपालले १४ खर्ब ५० अर्ब ७१ करोडको आयात तथा एक खर्ब ५९ अर्बको निर्यात गरेको छ । व्यापार घाटा बढेर १२ खर्ब ९० अर्ब ९६ करोड पुगेको छ । विश्व बजारमा पेट्रोलियम पदार्थको मूल्यमा भएको वृद्धिले व्यापार घाटामा थप चाप पैदा गरेको अर्थ मन्त्रालयले जनाएको छ ।

**६.७ महिनालाई पुग्ने विदेशी विनिमय सञ्चिति**

हाल मुलुकमा ६ महिनाभन्दा बढीको वस्तु तथा सेवाको आयात धान्न सक्ने विदेशी विनिमय सञ्चिति रहेको अर्थ मन्त्रालयले जनाएको छ । '०७८ असार मसान्तसम्म १३ खर्ब ९९ अर्ब तीन करोड रहेको विदेशी विनिमय सञ्चिति १६.२ प्रतिशतले कम भएर फागुन मसान्तमा ११ खर्ब ७१ अर्ब रहेको छ,' मन्त्रालयले उल्लेख गरेको छ, 'उक्त सञ्चिति करिब ६.७ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहने देखिन्छ ।'

**पर्यटक वृद्धि उच्चदरमा**

पछिल्लो समयमा नेपाल आउने पर्यटकको संख्यामा वृद्धि हुँदै गएको छ । फलस्वरूप, सन् २०२२ को मार्चसम्म (पहिलो ३ महिनामा) नेपाल आउने पर्यटकको संख्या गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १३८.६५ प्रतिशतले वृद्धि भई ७८ हजार चार सय ४७ पुगेको छ । सन् २०२२ को मार्च महिनामा मात्र ४२ हजार ६ पर्यटक नेपाल भित्रिएका छन् ।

**रोजगारीमा जाने बढे, रेमिट्यान्स बढ्ने संकेत**

चालू आर्थिक वर्षको फागुन मसान्तसम्म वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिने नेपालीको संख्या दुई लाख २६ हजार सात सय पुगेको छ । जुन गएको वर्षको सोही अवधिको तुलनामा तीन सय ६३ प्रतिशतले बढी हो । त्यसैगरी, यस अवधिमा वैदेशिक रोजगारीमा जान पुनः श्रमस्वीकृति लिने नेपालीको संख्या एक सय ९२ प्रतिशतको वृद्धि भई एक लाख ७८ हजार दुई सय ६२ पुगेको छ । फागुन मसान्तसम्ममा ६ खर्ब ३१ अर्ब १९ करोड रेमिट्यान्स भित्रिएको छ । जुन गएको वर्षको सोही अवधिको तुलनामा ४.९ प्रतिशतले कमी हो । फागुन महिनामा मात्रै ९१ अर्ब रेमिट्यान्स भित्रिएको तथा रोजगारीका लागि बिदेसिनेको संख्या बढेकाले रेमिट्यान्स आप्रवाह बढ्दै जाने संकेत गरेको अर्थ मन्त्रालयले उल्लेख गरेको छ ।

**सार्वजनिक ऋण साढे १८ खर्ब पुग्यो, दक्षिण एसियाकै न्यून रहेको दाबी**

नेपालको सार्वजनिक ऋण वाञ्छित सीमाभित्र नै रहेको अर्थ मन्त्रालयको दाबी छ । ०७८ चैत २८ गतेसम्म आन्तरिक ऋण आठ खर्ब ७३ अर्ब १९ करोड र बाह्य ऋण नौ खर्ब ८० अर्ब ८० करोड गरी कुल सार्वजनिक ऋण १८ खर्ब ५४ अर्ब रहेको छ । जुन नेपालको गत आर्थिक वर्षको प्रारम्भिक कुल गार्हस्थ्य उत्पादनको करिब ४३.४ प्रतिशत हुन आउँछ ।

कुल गार्हस्थ्य उत्पादनको तुलनामा सार्वजनिक ऋणको अंश दक्षिण एसिया र समान आर्थिक अवस्था भएका मुलुकको दाँजोमा न्यून नै रहेको अर्थ मन्त्रालयले जनाएको छ । चालू आवमा हालसम्म एक खर्ब पाँच अर्बबराबरको आन्तरिक ऋण, एक खर्ब १६ अर्बबराबरको बाह्य ऋण तथा १३ अर्ब ८८ करोडबराबरको वैदेशिक अनुदान परिचालन भएको मन्त्रालयले जनाएको छ । फागुनसम्म बाह्य ऋणतर्फ १९ अर्ब १३ करोड र आन्तरिक ऋणतर्फ ५१ अर्ब तीन करोड गरी जम्मा ७० अर्ब १६ करोडबराबरको साँवा र ब्याज भुक्तानी गरिएको छ ।

# वैशाख २ गतेदेखि अनलाइनबाटै संस्थागत श्रम स्वीकृति




काठमाडौं । वैदेशिक रोजगार कार्यालय काठमाडौंले संस्थागत श्रम स्वीकृति अनलाइन प्रणालीबाट मात्र जारी हुने व्यवस्था गरेको छ । आगामी वैशाख २ गतेदेखि अनलाइन प्रणालीबाट मात्र संस्थागत श्रम स्वीकृति दिने निर्णय गरिएको कार्यालय प्रमुख रमेश अर्यालले जानकारी दिए ।

कार्यालयले पुनः श्रम स्वीकृति, संस्थागत श्रम स्वीकृति र व्यक्तिगत श्रम स्वीकृतिको काम गर्दै आएको छ । संस्थागत श्रम स्वीकृतिका लागि म्यानपावर व्यवसायी वा उनीहरुका प्रतिनिधि कार्यालय आउने गरेकामा यो व्यवस्थासँगै कार्यालयमा भौतिक उपस्थितिबिना नै संस्थागत श्रम स्वीकृतिको व्यवस्था गरिएको हो ।

कार्यालयले गत माघदेखि अनलाइन प्रणालीबाट मात्र पुनः श्रम स्वीकृति दिँदै आएको छ। पुनः श्रम स्वीकृति अनलाइन प्रणालीबाट मात्र हुन थालेसँगै दैनिक एक हजारभन्दा धेरै सेवाग्राहीले कार्यालयमा उपस्थित नभई अनलाइनबाटै सेवा लिँदै आएका छन् ।श्रम मन्त्रालयले श्रम स्वीकृतिलाई फेसलेस, पेपरलेस र क्यासलेस बनाइ छिटो, छरितो र पारदर्शीरूपमा सेवाप्रवाह गर्न अनलाइन प्रणाली कार्यान्वयनमा ल्याइएको जनाएको छ । वैदेशिक रोजगारीमा जाने श्रमिकलाई सहज र सरल तरिकाबाट सेवा प्रदान गर्ने नीतिअनुसार अनलाइन प्रणालीबाट श्रम स्वीकृति दिने व्यवस्था मिलाइएको श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठको भनाइ छ । आधुनिक प्रविधिको प्रयोग गरी सहज र सरल तरिकाबाट छिटो-छरितोरूपमा गुनासोरहित सेवा प्रदान गर्न मन्त्रालयले दिएको निर्देशनानुसार पुनः श्रम स्वीकृतिसँगै संस्थागत श्रम स्वीकृतिको काम पनि अनलाइन प्रणालीबाट गर्न लागिएको कार्यालय प्रमुख अर्यालको भनाइ छ । कागजात जाँच गर्न समय लाग्ने तथा कहिलेकाहीँ सर्भरको समस्या हुनसक्ने भएकाले तीन दिनअघि नै संस्थागत श्रम स्वीकृतिका लागि अनलाइनमा आवेदन दिन इजाजत पत्रवाला म्यानपावर कम्पनी र सरोकारवालालाई कार्यालयले अनुरोध पनि गरेको छ ।

# गभर्नर हटाएको मिलेन, सर्वोच्चले उल्टाइदिनसक्छ- प्याकुरेल



काठमाडौं । सरकारले राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीलाई गरेको निलम्बन प्रक्रियासंगत नभएको अर्थशास्त्री विश्वम्भर प्याकुरेलले बताएका छन् । गएको बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले विभिन्न आरोपमा छानबिन गर्न समिति गठन गर्ने निर्णय गरेसँगै अधिकारी निलम्बनमा परेका थिए ।

अर्थशास्त्री प्याकुरेल गभर्नरलाई हटाउने निर्णय अदालतबाट उल्टिनसक्ने बताउँछन् । विगतमा दुईपटक यसै गरी गभर्नरमाथि कारबाही भएको र कारबाही निर्णय सर्वोच्च अदालतले बदर गरिदिएको प्याकुरेलको भनाइ छ । पहिला पनि तत्कालीन अर्थमन्त्री महेश आचार्यले गभर्नर तिलक रावललाई निलम्बन गरेका थिए र उनको स्थानमा दीपेन्द्रपुरुष ढकाललाई नियुक्त गरिएको थियो । तर, सर्वोच्चले उनलाई 'बहाली गर्नु' भनि आदेश दिएको उनले सुनाए । त्यस्तै, विजयनाथ भट्टराईलाई कारबाही गरेर दीपेन्द्रबहादुर क्षेत्रीलाई ल्याउँदा पनि सर्वोच्चले भट्टराईलाई नै पुनःस्थापित गरेको उनको भनाइ छ । 'अहिलेको सरकारले पनि गभर्नर अधिकारीलाई कारबाही गरेको सुनियो। तर, कुनै आरोप लगाएर स्पष्टीकरण सोधेर गनुपर्ने थियो, त्यो गरेको जस्तो देखिएन' उनले नेपाल लाइभसँग भने ' गभर्नर निलम्बनका लागि यो प्रक्रिया पूरा भएको देखिएन । एउटा आरोप मात्र लगाएर निलम्बन गर्न सकिँदैन । यो कमजोर हुन्छ ।' सरकारले चार्ज के-के लगाएका छन् हेर्नुपर्ने उनले बताए । तर, विगतको अभ्यास र अहिले भएको कार्य हेर्दा यो अदालतबाट फर्कनसक्ने देखिएको उनले बताए ।

# गुणस्तरहीन ग्याँस सिलिण्डरले खतरा बढाउँदै

काठमाडौं । सिन्धुपाल्चाकको बाह्रबिसे नगरपालिका वडा नम्बर-८ स्थित लामा टोलमा २० चैत २०७८ साँझ खाना पकाउने ग्याँस दुर्घटनामा तीन बालबालिकाको ज्यान गएको थियो ।

ग्याँस चुलोमा खाना बनाउन लाग्दा सिलिन्डर विस्फोट भएर लागेको आगोमा परी निमहादुर तामाङका १० वर्षीय छोरा इशाक, स्थानीय कुमार तामाङका ६ वर्षीय छोरा सरगम र छिमेकी पदम तामाङकी साढे २ वर्षीया छोरी दिव्याको घटनास्थलमै मृत्यु भएको वडाअध्यक्ष सुरज लामाले बताए ।

'साँझ ७ बजेतिर घरमा केटाकेटी खेलिरहेका रहेछन्, आमा खाना बनाउने भन्दै भान्सामा छिरेको र केही बेरमै एउटा सिलिण्डरमा आगो लाग्यो,' वडा अध्यक्ष लामाले भने, 'आमा कसरी हो बाहिर निस्कनु भयो, त्यहीबेला सिलिन्डर पड्कियो र केटाकेटीको घटनास्थलमै ज्यान गयो ।' वडाध्यक्ष लामाका अनुसार केहीबेर अघिसम्म टिभी हेरेर बसेका बालकालिकाको दुर्घटनापछि करिव २५ प्रतिशत मात्रै शरीरको भाग भेटिएको थियो ।

भान्सामा सल्किएको आगोबाट बालबालिका बचाउन घरभित्र छिरेका इशाकका बुबा निमबहादुर पनि घाइते भएको वडाध्यक्ष लामाले बताए । जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोकका प्रवक्ता डिएसपी दक्षबहादुर बस्नेतका अनुसार विस्फोटको बेला बालबालिका टीभी हेरेर बसिरहेका थिए ।

दुई वर्षको बीचमा नगरपालिकाभित्र यो दोस्रो ग्याँस दुर्घटना थियो । यसअघि वडा नम्बर दुईको नयाँ बस्तीमा पनि ग्याँस दुर्घटनाकै कारण मासु पसलमा आगलागी भएको वडाध्यक्ष लामा बताउँछन् ।




गत साताको यो दुर्घटना लगत्तै उद्धारका लागि इलाका प्रहरी कार्यालय बाह्रबिसेबाट प्रहरी र स्थानीय जनप्रतिनिधि घटनास्थल पुगेका थिए । २०७२ सालको भूकम्पपछि पुनर्निर्माण गरिएको दुई कोठाको कच्ची घर ग्याँस विस्फोटबाट ध्वस्त भएको वडाध्यक्ष लामाको भनाइ छ । 'विस्फोट हुँदा सिलिण्डर घरको छानो छेडेर आकाशमा उडेको थियो,' लामाले भने 'ग्याँस लिक भएको सिलिन्डर जस्ताको त्यस्तै छ, विस्फोट भएको अर्को सिलिन्डर टुक्राटुक्रा भएर घटनास्थलभर छरिएको छ ।'

घटनास्थलमा खटिएका एक प्रहरी अधिकारीकाअनुसार काभ्रेको बनेपामा रहेको उग्रचण्डी कम्पनीको ग्याँस सिलिण्डर विस्फोट भएको हो । 'रेगुलेटरभन्दा तल्लो भागबाट चुहिएको ग्याँसका कारण आगो लागेको र सिलिण्डर विस्फोट भएको पाइयो', ती अधिकारीले भने ।

ग्याँस सिलिण्डर दुर्घटनाका स्थान र अवस्थाको प्रकृति हेर्दा मुलुकका सबै भूभाग र क्षेत्रका उपभोक्ताहरू यस्तो घटनाबाट पीडित भएको देखिन्छ । सहज उपलब्धताका कारण खाना पकाउने ग्याँसको प्रयोग विस्तार हुँदै गएको छ । तर यसको प्रयोगमा हुने असावधानी र विक्रेताको हेलचेक्र्याइँले उपभोक्ताहरु माथि जोखिम पनि बढदो छ ।

बाह्रबिसे नगरपालिका वडा नम्बर ८ का वडाध्यक्ष सुरज लामाका अनुसार, पछिल्ला केही वर्षदेखि गाउँ गाउँमा ग्याँस सिलिण्डरको प्रयोग बढेको छ ।

काठमाडौं र बनेपामा भरिने ग्याँस सिलिण्डरहरु असुरक्षित तरिकाबाट ढुवानी गरेर गाउँगाउँमा पुग्ने र त्यससम्बन्धी सुरक्षाका बारेमा चासो र चेतना नहुँदा दुर्घटना भएको अनुमान गर्छन्, उनी ।सिन्धुपाल्चोकमा भएको ग्याँस दुर्घटनाको सम्पूर्ण दोष ग्याँस उत्पादक कम्पनी र बिक्रेताको भएको स्थानीय जनप्रतिनिधि बताउँछन् । वडाध्यक्ष सुरज लामाका अनुसार काठमाडौंबाट ट्रकमा बाह्रबिसे बजार आउने ग्याँस त्यहाँबाट बस, जिप तथा स्थानीय माल सामान ढुवानीका ट्रकमा राखेर गाउँ गाउँमा पुऱ्याइन्छ । 'काठमाडौंको ग्याँस बाह्रबिसेमा झारेर, ठोकेर, लडाएर बोकेर गाउँ गाउँमा पुऱ्याइन्छ,' वडाध्यक्ष लामा भन्छन् 'त्यसरी ढुवानी गर्दा ग्याँसको बिर्को कमजोर भएको हुनुपर्छ । आइतबारको दुर्घटनाको कारण ग्याँसको बिर्को कमजोर हुनु नै हो । उग्रचण्डीका बाह्रबिसेको डिलरबाट त्यो ग्याँस खरिद भएको थियो ।' लामा टोलको ग्याँस विस्फोटको घटना यसअघिका दुर्घटनाभन्दा पृथक रहेको इलाका प्रहरी कार्यालय बाह्रबिसेका प्रहरी निरीक्षक देबेन्द्रबहादुर शाह बताउँछन् । ग्याँस सिलिन्डर नै विस्फोट भएर टुक्राटुक्रा हुनु भनेको गम्भीर घटना हो उनले यसबारे अनुसन्धान हुनुपर्ने बताए । हामीले ग्याँस कम्पनीलाई यसबारे सोधेका थियौं तर उहाँहरुले ग्याँस सिलिण्डर नपड्किने दाबी गर्नु भयो' प्रहरी निरीक्षक शाहले भने ।

**श्रम गन्तव्य....**

यस्तो समस्या देखिएको उनको भनाइ छ । 'सरकारले राजनीतिकभन्दा पनि जनताको पक्षमा काम गर्नु पर्छ,' उनले भने, 'राजदूत नहुँदा श्रम रोजगारीमा त समस्या हुन्छ नै त्यसबाहेक अनुदान, नेपालसँग कूटनीतिक तथा नीतिगत समस्या हुन्छ ।'

रोजगारदाता देशमा राजदूत नहुँदा योजनाकेन्द्रित छलफल गर्न समस्या भइरहेको श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले बताए । सो विषयमा पटक-पटक छलफल भएको उनको भनाइ छ ।

**श्रमिकको स्वास्थ्य.......**

नयाँ मापदण्ड बनाएर कडाइका साथ अनुगमन गर्ने मन्त्रालयको योजना रहेको बताए । सचिव अर्यालले स्वदेशका अस्पताल तथा स्वास्थ्य संस्थामार्फत बनाइएको स्वास्थ्य परीक्षण रिपोर्ट गलत भएका कारण श्रमिक विदेश पुगेर पुनः स्वास्थ्य परीक्षण गर्दा 'अयोग्य' भएर फर्किनुपरे सम्बन्धित संस्थालाई कारबाही गरिने चेतावनी समेत दिए ।

कार्यक्रममा वैदेशिक रोजगारमा जाने श्रमिकको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्थाका प्रतिनिधि तथा सरोकारवालाहरुले यस क्षेत्रका चुनौती तथा समाधानका उपायबारे बताएका थिए । प्रयोगशाला, रेडियोलोजी र स्वास्थ्य परीक्षण कक्षमा हुनुपर्ने आवश्यक औजार तथा उपकरण अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप बनाउनुपर्ने सरोकारवालाहरुको भनाइ छ । वैदेशिक रोजगार ऐन २०६४ ले जुनसुकै मुलुकमा जाने श्रमिकलाई स्वास्थ्य परीक्षण अनिवार्य गरेको छ। मन्त्रालयले स्वास्थ्य संस्थाको सूचीकरण, नवीकरण र अनुगमन तथा निरीक्षण सम्बन्धी काम गर्दै आएको छ ।

**विदेशमा नेपाली.......**

ल्याउन लागिएको बताए। नेपाली नागरिकलाई युएईमा अलपत्र पार्ने संस्था वा व्यक्तिलाई कारबाहीको दायरामा ल्याउन सजिलो होस् भनेर आफ्नो भ्रमण टोलीमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान व्युरोका डिएसपीलाई पनि सहभागि गराएको उनले बताए ।

कार्यक्रममा मन्त्री श्रेष्ठले अलपत्र परेका नेपालीहरुको समस्या समाधानमा सहयोग गर्न आफूले युएई सरकारसँग पनि आग्रह गरेको बताए । अलपत्र परेका नेपालीहरुलाई युएईमै रोजगारीको अवसर प्रदान गर्ने, भिसा अवधि सकिएर बढी शुल्क बुझाउनुपर्ने वा गैरकानुनी रुपमा बस्नुपर्ने बाध्यता भएकाहरुलाई आममाफी दिने तथा उद्धार गर्नुपर्नेहरुलाई नेपाल फिर्ता गर्न युएई सरकारसँग सहयोगको आग्रह गरिएको उनले बताए । कार्यक्रममा मन्त्रालयका सचिव एकनारायण अर्याल, नेपाली राजदूत कृष्णप्रसाद ढकाल, श्रम मन्त्रालय तथा दूतावासका कर्मचारी सहित नेपाली संघ-संस्थाका प्रतिनिधि, गैरआवाशीय नेपाली संघका प्रतिनिधि र श्रमिकहरुको सहभागिता थियो। कार्यक्रमका सहभागिहरुले नेपाली श्रमिकहरुले युएईमा भोगेको समस्याबारे मन्त्री श्रेष्ठलाई जानकारी गराएका थिए ।

**मस्तिष्कघात.......**

लड्बढाउने इत्यादि देखा पर्न सक्छ । साथै कहिलेकाही बेहोस तथा छारेको लक्षणहरु पनि देखा पर्न सक्छ । कहिले यी लक्षण थोरै समयको लागि मात्र देखा पर्न सक्छ र पछि हराउने पनि हुनसक्छ जसलाई हामी Transient Ischemic Attack (TIA) पनि भन्छौं । तर यसलाई हामीले सामान्य लिनु हुदैन किन कि यो भनेको पछि हुनसक्ने ठुलो मस्तिष्कघातको पूर्व संकेत हो ।

**उपचार :**

मस्तिष्कघात अथवा स्ट्रोकको उपचारमा सबैभन्दा महत्वपूर्ण समय हो । तसर्थ "Time is Brain" पनि भन्ने गरिन्छ, किनकि हामीले यसको लक्षण थाहा पाएको समयबाट जति सक्दो छिटो CT Scan सुविधा भएको अस्पताल लगी उपचार गरियो भने मस्तिष्कलाई ठूलो क्षतिबाट जोगाउन सक्छौं । त्यसकारण मस्तिष्कघात भएको साढे चार घण्टा वा सो जति छिटो पुग्न सक्यो त्यतिनै क्षति कम र लाभ बढी हुन्छ । हामिले यो महत्वपूर्ण समयमा टीपीए (TPA) नामक विशेष औषधि दिएर ब्रेन स्ट्रोकको कारण हुन सक्ने क्षति कम गर्न सक्छौं । यसलाई थ्रोम्बोलाइसिस पनि भनिन्छ ।

ब्लक भएको मस्तिष्कको नसा खोल्ने प्रयोग हुने थ्रोम्बोलाइसिस हो । यदि साढे चार घण्टा भित्र बिरामी अस्पताल पुग्न सकेन भने आत्तिनु पर्दैन । मस्तिष्कमा रगत जमेको देखियो भने २४ घण्टाभित्र मस्तिष्कमा तार दिएर जमेको रगत निकाल्ने प्रविधि पनि हाल नेपालमा आइसकेको छ । यस प्रविधि न्यूरो इन्टरभेन्सन भन्ने गरिन्छ । यो सुविधा हाल अन्नपूर्ण न्यूरो अस्पतालमा पनि उपलब्ध रहेको छ । नेपालमा ब्रेन हृमेरेजको पहिचान दर बढी रहेको छ । ब्रेन हृमेरेज भैसकेपछि मस्तिष्क भएको रगतलाई अप्रेसन गरेर निकालिन्छ ।

सामान्यता ३० ml भन्दा बढी रगत भएमा अप्रेसन गरी निकालिन्छ । रगत निकाल्ने काम अत्याधुनिक प्रविधिको सहयोगमा सानो प्वालपारी तान्ने गरिन्छ । जसमा Endoscope को प्रयोग गरिन्छ । अथवा पुरै टाउको खोलेर पनि गरिन्छ । एनोरीजम हृमरेजमा फुलेको नशामा किल्प गरिन्छ । एभिएमा जेलिएको नशा नै झिकेर फालिन्छ । सामान्यतमा यो रोग ५० बर्ष भन्दा माथिका मानिसलाई हुने सम्भावना बढि हुन्छ । तर अहिले त्यो भन्दा कम उमेरकालाई पनि यो समस्या देखिन थालेको छ । समयमै परीक्षण गर्नाले बिकसित देशमा यो रोगको दर घटेको छ ।

यो बर्ष देखि हामीले अन्नपूर्ण न्यूरो अस्पतालमा पनि ब्रेन चेकअप गर्न अभियान शुरु गरेको छौ । यसमा हामी एम आर आर र एम आर एन्जियोग्राफी गर्छौं ।

त्यसो गर्दा हृमेरेज हुने सम्भावना पहिले नै पत्ता लाग्छ र रोक्न सकिन्छ । यसबाहेक मस्तिष्क भित्रमा केही अरु समस्याहरु छन भने पनि सजिलै थाहा पाउन सकिन्छ ।

**अर्थमा गहिरिदो............**

पनि यी निकायहरू एक्लाएक्लै हिँडेको जस्तो देखिएको आचार्यको भनाइ छ । उनका अनुसार यी निकायहरूबीचको संयोजन फिलतो छ । आर्थिक संकटका बारेमा उनीहरू गम्भीर देखिदैनन् ।

**संकटमोचनका उपाय के छन् ?**

अर्थतन्त्रको अहिलेको अवस्था सुधार गर्न सरकार तथा केन्द्रीय बैंकले थोरै भए पनि कदम बढाएको पूर्वगर्भनर तथा अर्थविज्ञ दिपेन्द्र बहादुर क्षेत्री बताउँछन् । उनी भन्छन्, 'अलि-अलि त सुरुवात भएको छ । आयात रोक्न केही कदम सरकारले सुरु गरेको छ। सरकारले विलासिताको सामान आयात रोक्न १०० रुपैयाँ पर्ने भए सोही बराबर एलसी राख्नुपर्ने बनाएको छ । यसले आयात घटाएको छ । यो मात्र पर्याप्त चाहिँ होइन ।' सरकारले लगानी गरेर बनाएको परियोजनमा शोधभर्ना लिन नसकेको क्षेत्री बताउँन् । 'परियोजनाहरू ठीक समयमा सञ्चालन गरेर हामी मुनाफा कमाउँछौ भनेर अन्य देशलाई आश्वस्त पारेर ऋण र अनुदान लिनुपर्छ । यो विदेशी मुद्रामा आउने हो । यसले विदेशी मुद्राको घट्दो संचिति समस्या समाधान हुन्छ,' उनले भने ।

उनी आमजनताले पनि सरकारको सहयोगी भइदिनुपर्ने बताउँछन् । आवश्यकताको लागि नभएर देखासिकीको लागि पनि वस्तु खरिद गर्न थालिएको क्षेत्रीको उनको भनाइ छ । क्षेत्री भन्छन्, 'तपाईसँग बाइक छ भने कार चढ्नुहुन्छ । रवाफको लागि पनि यसो गरिएको छ । तर, यसलाई घटाउनुपर्छ । यस्तो प्रतिश्पर्धाले पेट्रोलिय पदार्थको आयात बढाएको छ । पैसा विदेश गइरहेको छ ।' पेट्रोलियम पदार्थको आयात घटाउन विद्युतीय सवारी साधनहरूमा जोड दिनुपर्ने क्षेत्री बताउँछन् 'सार्वजनिक यातायतका साधानलाई जोड दिने हो भने निजी सवारी आयात कम हुन्छ र व्यापार घाटा पनि कम गर्छ,' उनले भने, ' हामी यही शैलीले फेरि अर्थतन्त्रलाई पुरानो अवस्थामा फर्काउन सक्छौं ।' यसैगरी अहिले देखिएको अर्थतन्त्रको अवस्था सुधार गर्न सरकार तथा नेपाल राष्ट्र बैंकले तुरुन्तै कदम चाल्नु पर्ने पूर्वगभर्नर चिरन्जीवी नेपाल बताउँछन् । उनी भन्छन्, ' अहिले राष्ट्र बैंक तथा सरकारले चालेका कदम मात्रै संकट समाधानका लागि पर्याप्त छैनन् । अहिले देखिएको समस्या समाधान गर्नको लागि अझै अघि बढ्नुपर्ने देखिन्छ ।' अर्थतन्त्र सुधार गर्न राष्ट्र बैंक अझै कठोर हुनुपर्ने अर्थविद् नेपालको भनाइ छ । अर्थतन्त्रको विषयमा सरकार गम्भीर भएर नलागेको उनी बताउँछन् । नेपाल भन्छन्, 'सरकारले नबुझेको हो कि ? वा हामीसँग ६ महिना खाने ढुकटी छँदैछ भनेर ढुक्क भएर बसेको पो हो कि ? वा भोलि फेरि सुध्रिहाल्छ भनेर बसेको हो ?'

# मार्चमा नेपाल भित्रिए ४२ हजारभन्दा बढी पर्यटक




काठमाडौं- सन् २०२२ को मार्च महिनामा ४२ हजारभन्दा बढी विदेशी पर्यटकले नेपाल भ्रमण गरेका छन् । नेपाल पर्यटन बोर्डले उपलब्ध गराएको तथ्याङ्कअनुसार मार्चमा हवाई मार्ग भएर ४२ हजार छ जना पर्यटक नेपाल भित्रिएका हुन् ।


अघिल्लो वर्ष सन् २०२१ को मार्च महिनामा जम्मा १४ हजार ९७७ पर्यटक नेपाल आएका थिए । गत महिनाको पर्यटक आगमन कोभिड महामारीपछि सबैभन्दा बढी हो । यो वर्षको सुरुआती महिनादेखि निरन्तर रूपमा विदेशी पर्यटक आगमन बढिरहेको विभागको भनाइ छ । सन् २०२२ को जनवरीमा १६ हजार ९७५ र फेब्रुअरीमा १९ हजार ७६६ विदेशी पर्यटक नेपाल भित्रिएका छन् । नेपालमा हिमाल आरोहणको सिजन भएकाले पनि विदेशी पर्यटक बढेका हुन् । वसन्त यामको हिमाल आरोहणका लागि उल्लेख्य संख्यामा विदेशी नेपाल आउने गर्छन् ।

# क्यान इन्फोटेकको तयारी अन्तिम चरणमा

काठमाडौं । भृकुटीमण्डपमा वैशाख ७ देखि ६ दिन आयोजना हुने आइएमई पे क्यान इन्फोटेक २०२२ इन एसोसिएसन विथ एससिटी स्मार्ट क्युआरको तयारी अन्तिम चरणमा पुगेको छ । आयोजक क्यान महासंघले पत्रकार सम्मेलन गरेर तयारी अन्तिम चरणमा पुगेको जानकारी दिएको हो । सूचना तथा सञ्चार प्रविधि र मनोरञ्जनसम्बन्धी प्रदर्शनी कोभिड-१९ का कारण अघिल्ला दुई वर्ष स्थगित हुँदै यो वर्ष आयोजना हुन लागेको हो । पहिले सबै प्रदेशमा प्रदर्शनी आयोजना हुने गरेकोमा यो वर्ष काठमाडौंमा मात्र हुने भएकाले पनि अहिलेको प्रदर्शनीमा प्रदर्शक तथा सरोकारवालाहरूमा उत्साह देखिएको आयोजकको दाबी छ ।

२७ औँ क्यान इन्फोटेकको शीर्ष प्रायोजन आइएमई पेले गरेको छ भने सहप्रायोजकमा एससिटी स्मार्ट क्युआर युनियन पे रहेको जनाइएको छ । इन्फोटेकको प्लाटिनम प्रायोजकमा वर्ल्डलिंक कम्युनिकेसन, डायमन्ड प्रायोजकमा डिस होम फाइबरनेट, गोल्ड प्रायोजकमा जेनेरेसन नेक्स्ट र नेपाल क्लियरिङ हाउस लिमिटेड तथा सिल्भर प्रायोजकमा नमस्ते पे, डिजिकम, एस-पावर, ब्रोडवे इन्फोसिस, हुवावे टेक्नोलोजिज र टेकमिन्ट रहेको जनाइएको छ ।

त य सै ग री, इन्नोभेसन पार्टनरमा सफ्टवेरिका कलेज, एकेडेमिक पार्टनरमा सनवे कलेज, लजिस्टिक पार्टनरमा एक्सल्याब, इ-कमर्स पार्टनरमा सोचेको डटकम र डिजिटल डिस्प्ले पार्टनरमा अल्ट्रा एलइडी रहेको आयोजकले जनाएका छन्। यसैगरी, प्रदर्शनीको अफिसियल बैंकका रूपमा ग्लोबल आइएमई बैंक, अफिसियल इन्स्योरेन्सका रूपमा आइएमई जनरल इन्स्योरेन्स रहेको जनाइएको छ ।





इन्फोटेकलाई नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सूचना प्रविधि विभाग, नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल दूरसञ्चार प्राधिकरण, नेपाल बैंक लिमिटेड, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान, नेपाल चेम्बर अफ कमर्स, नेपाल उद्योग परिसंघ, सुबिसु केबलनेट, भायानेट, रोबोटिक्स एसोसिएसन अफ नेपालको प्रत्यक्ष-अप्रत्यक्ष रूपमा सहयोग एवं समर्थन रहेको जनाइएको छ । आइसिटी एक्सेसरिज तथा प्रडक्ट लन्चिङ खण्डमा व्यवसायीहरूले व्यापार विस्तारका साथै नयाँ-नयाँ प्रविधिको प्रदर्शनी गर्ने थलोका रूपमा उपयोग गर्न सक्ने तथा अवलोकनकर्ताले एकै थलोमा सूचना तथा सञ्चार प्रविधिका नौला र भविष्यका निम्ति प्रविधिहरू र उपकरणको अवलोकन तथा खरिद गर्न पाउने आयोजकको दाबी छ । इन्फोटेक करिब साढे तीन लाखले अवलोकन गर्ने आयोजकको अपेक्षा छ ।

# चुरोट र रक्सीदेखि मोबाइलसम्मका वस्तु आयातका लागि एलसी नखोल्ने निर्णय

काठमाडौं । वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृतहरूको छाता संस्था नेपाल बैंकर्स सङ्घले अति आवश्यक बाहेकका वस्तुको प्रतीतपत्र (एलसी) नखोल्ने निर्णय गरेको छ ।

आइतबार बसेको संघको बैठकले अत्यावश्यक बाहेकका वस्तुको एलसी नखोल्ने निर्णय गरेको हो । बैंकर्स संघका कार्य समिति सदस्य तथा नेपाल बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णबहादुर अधिकारीले बैठकले गाडी, सुनचाँदीसहित अत्यावश्यक बाहेकका वस्तुको एलसी तत्काल नखोल्ने निर्णय भएको जानकारी दिए ।

उनका अनुसार नेपाल राष्ट्र बैंकको मौखिक निर्देशनअनुसार संघले सो निर्णय गरेको हो । संघले निजी गाडी, चिनी, चकलेट, चुइगम, ड्राई फुड, फर्निचर, चुरोट, रक्सी, सजावटका सामग्री, पर्फ्यू,



काठका सामग्री, मोबाइललगायत सामग्री आयातका लागि एलसी नखोल्ने निर्णय गरेको हो ।यसअघि राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई परिपत्र गर्दै विभिन्न ४७ वटा वस्तुको आयातमा ५० प्रतिशतदेखि शतप्रतिशत मार्जिनको व्यवस्था लागू गरेको थियो । यस्तैगरी, गत सोमबार राष्ट्र बैंकले २७ वटै वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत (सिईओ)लाई बोलाएर गाडी लगायतका वस्तु आयातको एलसी रोक्नलाई निर्देशन दिएको थियो। राष्ट्र बैंकको निर्देशनअनुसार सबै बैंकले गाडी लगायतका वस्तुको एलसी खोल्न बन्द गरिसकेका छन् ।

